विजय विकास स्रोत केन्द्रको प्रकाशन

# विजयध्वनि

(VIJAYA DHWONI-Journal Published by VDRC-Nepal)

वर्ष १९ | अङ्क १ | पूर्णाङ्क ३४ | असार २०७५

*संरक्षक*
*हरिलाल सापकोटा*
*अध्यक्ष*
*विजय विकास स्रोत केन्द्र*

*प्रधान सम्पादक*
*गोविन्दराज विनोदी*

*सम्पादक*
*बद्रीनाथ लम्साल*
*भरत खनाल*

*कम्प्युटर*
*लक्ष्मी अधिकारी*

*प्रकाशक*
*विजय विकास स्रोत केन्द्र*
*गैंडाकोट ८, नवलपरासी*
*फोन नं. ०७८-५०११७२, ५०१४०२, ५०११००*
*फ्याक्स: ०७८-५०१४०१*
E-mail: vdrc@vdrc.org.np
Website: www.vdrc.org.np

यस भित्र ......

*संस्थागत गतिविधि*

*विजय परिवार सदस्य चिनारी*

*वालमैत्री स्थानीय शासन...*

*महिला सशक्तिकरण...*

***VDRC Agenda 2018***

*सफलताका कथा*

## सम्पादकीय...

## वर्तमान अवस्थामा सामाजिक विकास संस्थाहरूको चुनौती

सामाजिक विकास संस्थाहरूको सक्रियता मुलुकभरि नै छ । कतिपय संस्थाहरू डलरको खेती गर्ने संस्था भनेर जनताबाट लाञ्छित पनि छन् तर जुन संस्थाहरू सामाजिक विकासको पवित्र उद्देश्यले स्थापित छन् ती यस्ता गैरजिम्मेवार कुराहरूबाट विचलित नभई जनसशक्तीकरण, स्वावलम्बन र ग्रामीण-सामाजिक समुत्थानका लागि प्रतिबद्ध छन् ।

बेलाबेलामा फेरिइरहने सरकारको सामाजिक विकास संस्थाहरूप्रति के-कस्तो दृष्टिकोण रहने हो भन्ने समस्याले यस्ता संस्थालाई पिरोलिरहेको पाईन्छ । तर पनि यस्ता संस्थाहरूले पारदर्शी ढङ्गले लोक-विकासका कामहरू गरिरहेका छन् र समाजप्रतिको उनीहरूको दायित्व बढ्दो छ । सामाजिक संस्थाहरूले महिला, बालबालिका, दलित, द्वन्द्वपीडित, गरिब, पछाडि पारिएको वर्ग आदि विविध क्षेत्रमा काम गरिरहेका छन् र उनीहरूलाई राहत दिइरहेका छन् । खास गरी अशक्त वा निमुखाहरूलाई उनीहरूभित्रको अक्षय ऊर्जाको पहिचान गराई स्वावलम्बी वा आत्मनिर्भर बन्न जजसले प्रेरणा दिइरहेका छन् ती सामाजिक संस्थाहरू जनजनका हृदयमा सम्मानित रूपमा रहिरहेका छन् । तर अधिकारका मात्र कुरा गरेर ठूलाठूला होटलमा गोष्ठी गर्ने र जनजनका बीच साक्षात्कार हुन नचाहनेहरूलाई स्वयम् जनताले नै तिरस्कार गरिरहेको अवस्था पनि छ ।

यतिबेला सरकारले स्थिरता लिइरहेको अवस्था छ । स्थानीय सरकार पनि छ । यो स्थितिमा सामाजिक विकास संस्थाहरूको भूमिका अझ प्रगाढ हुँदै आएको छ । राष्ट्रले लिएको समृद्धि अभियानमा योजना तर्जुमादेखि लिएर कार्यान्वयन सम्मका अवस्थामा सामाजिक विकास संस्थाहरूको सहकार्य र सहयोग आवश्यक छ । युवा वर्गको विदेश पलायन रोक्ने, स्वरोजगार प्रवर्धन गर्ने, गाउँ पाखामा विकासका नयाँ अवसर प्रदान गर्ने, स्वावलम्बी, आत्मनिर्भर, कर्मठ, राष्ट्रभक्त नागरिक तयार पार्ने र खास गरी अधिकारमुखी चेतसँगै कर्तव्यनिष्ठ समाज निर्माणका लागि काम गर्ने चुनौतीप्रति सामाजिक विकास संस्थाहरू सचेत हुनुपर्ने देखिन्छ ।

## संस्थागत गतिविधि

### कुष्ठरोग उन्मुलन अभियान

नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाका सम्पूर्ण गाउँपालिका तथा नगरपालिकाहरुमा कुष्ठरोग उन्मूलन अभियान सम्पन्न भएको छ । डेमियन फाउण्डेशन, जिल्ला जनस्वास्थ्य कार्यालय र विजय विकास स्रोत केन्द्रको सहकार्यमा यस कार्यक्रम सञ्चालन गरिएको हो । जनवरी ३० देखि फेब्रुअरी १ र फेब्रुअरी ४ देखि फेब्रुअरी ६ गरी दुई चरणमा सञ्चालित यस अभियानमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, शिक्षक, सामाजिक कार्यकर्ता गरी करिव ८५० जना परिचालित भएका थिए । यस अभियानले ८० जना नयाँ कुष्ठरोगका विरामीहरुको पहिचान गर्न मद्दत गरेको थियो । साथै हाल उनीहरुको नजिकको स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार भइरहेको छ ।

***

### लागू पदार्थ दुर्व्यसन तथा ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम

विजय विकास स्रोत केन्द्र र विजय सामुदायिक शिक्षा सदनको संयुक्त आयोजनामा युवाहरुका लागि लागु पदार्थ दुर्व्यसन तथा ट्राफिक सचेतना सम्बन्धी एक कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर र इलाका प्रहरी कार्यालय गैंडाकोटले लागू पदार्थ दुर्व्यसन तथा ट्राफिक सचेतना सम्बन्धि विषयमा सहजीकरण गरेको थियो । करीब ४०० जना विद्यार्थीहरुको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन विजय सामुदायिक शिक्षा सदनकी सह-प्राचार्य रेखा श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रम २०७४ माघ २३ गते विजय सामुदायिक शिक्षा सदनको सभा हलमा आयोजना गरिएको थियो ।

***

### फोहरमैला व्यवस्थापनका लागि अन्तर्क्रिया कार्यक्रम सञ्चालन

विजय विकास स्रोत केन्द्रको आयोजनामा नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाका नगरपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम विजय विकास स्रोत केन्द्रमा सम्पन्न भएको छ । जिल्ला भित्रका सबै नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वातावरण शाखा प्रमुख एवं विजय परिवार भित्रका संघसंस्थाहरुको प्रतिनिधि र अन्य सरोकारवाला समेतको उपस्थिति भएको उक्त कार्यक्रममा फौहरमैला व्यवस्थापन नगरपालिकाहरुको मुख्य चुनौतीका रूपमा रहेको कुरा व्यक्त गरियो ।

कार्यक्रममा देवचुली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्काले सार्वजनिक, निजी र समुदायको साझेदारी सम्बन्धी कार्यपत्र र नेशनल वेस्ट म्यानेजमेन्ट एण्ड रिसाइक्लिङ्ग सेन्टर प्रा.लि.का सहजकर्ता सुजन ढकालले फोहरमैलाको दिगो व्यवस्थापन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बोल्ने वक्ताहरुले फोहरमैला व्यवस्थापनका लागि नवलपुरमा कार्यविधि नै बनाएर लागू गर्नुपर्नेमा जोड दिएका थिए । फोहरमैला व्यवस्थापनका लागि जनप्रतिनिधिहरुले चासो दिनुपर्ने उनीहरुले बताएका थिए । नवलपुर क्षेत्रका जंगल तथा नारायणी नदिमा फोहर फाल्ने गरेको बताउँदै उनीहरुले त्यसको नियन्त्रणमा चुनौति थपिएको बताएका छन् । जनसमुदायलाई नै अपनत्व जगाउने खालका कार्यक्रम गर्नुपर्नेमा उनीहरुको जोड थियो ।

कार्यक्रममा फोहरमैला व्यवस्थापन प्रणाली तथा स्वच्छ वातावरण हक सम्बन्धी छलफल गरिएको हो । फोहरमैला व्यवस्थापन ऐन २०११ को स्थानीय तहद्वारा कार्यान्वयन गर्ने, स्वच्छ वातावरण नागरिकको मौलिक हकको रुपमा प्रवर्द्धन गर्ने, सामाजिक परिचालनलाई सचेतनाको उपकरणको रुपमा प्रयोग गरी फोहरमैलालाई स्रोतमा नै सम्बोधन गर्ने विषयमा छलफल भएको थियो ।

कार्यक्रममा गैंडाकोट नगर प्रमुख छत्रराज पौडेल, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद आचार्य, देवचुली नगर उपप्रमुख पार्वता तिवारी, प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्का, मध्यविन्दु नगर उपप्रमुख ओमकुमारी महतो, प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाई, गैरसरकारी संस्था महासंघका अध्यक्ष बद्रीनाथ नेपाल, गैंडाकोट २ का वडा अध्यक्ष ध्रुबराम पौडेल, नगर कार्यपालिका सदस्य रेखा पौडेल, सामाजिक अभियन्ता खेमराज सापकोटा, गोपीनाथ खरेल, टिकाराम कंडेल, बसन्तराज लम्साल, त्रैलोक्यनाथ खरेल, लक्ष्मी भट्टराई लगायत विभिन्न संघ संस्थाका प्रमुख एवम् प्रतिनिधि लगायत सरोकारवालाको उपस्थिति रहेको थियो ।

छलफलमा सबै नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि समन्वय गर्दै अगाडि बढ्ने समझदारी बनेको छ । जसका लागि सबै नगरपालिकाको प्रतिनिधित्व रहेको एक कार्यदल समेत गठन गरिएको छ ।

नेपालमा प्रत्येक २४ घण्टामा एकजनाले ३३० ग्राम फोहरमैला उत्पादन गर्ने गर्दछन्, जसमध्ये ६० प्रतिशत जैविक, बाँकी ४० प्रतिशत मध्ये २० प्रतिशत प्लाष्टिक र २० प्रतिशत अन्य फोहर पर्दछन् । कानुनी हिसाबमा स्थानीय तहले फोहरमैला व्यवस्थापन गर्नुपर्ने हुन्छ । विजय विकास स्रोत केन्द्रका अध्यक्ष हरिलाल सापकोटाले फोहरमैला व्यवस्थापनका लागि हातेमालोका लागि आव्हान गर्दै सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । विजय विकास स्रोत केन्द्रका उपाध्यक्ष लक्ष्मी कँडेल गौतमले स्वागत मन्तव्य व्यक्त गर्नु भएको सो कार्यक्रमको सहजीकरण केन्द्रका कार्यकारी निर्देशक प्रेमकृष्ण मानन्धरले गर्नु भएको थियो । कार्यक्रम विजय विकास स्रोत केन्द्रका अध्यक्ष हरिलाल सापकोटाको अध्यक्षतामा सम्पन्न भएको हो ।

❄❄❄

## सहभागितात्मक योजना तर्जुमा सम्बन्धी तालिम

ओम् ज्योति विन्दु ट्रष्टको आयोजना र विजय विकास स्रोत केन्द्रको सहयोगमा कावासोती नगरपालिकाका महिला जनप्रतिनिधिलाई सहभागितात्मक योजना तर्जुमा सम्बन्धी तालिम यही जेष्ठ १९ र २० गते कावासोतीमा सम्पन्न भयो । जम्मा २६ जना महिला जनप्रतिनिधिहरुको सहभागिता रहेको उक्त तालिममा विजय विकास स्रोत केन्द्रका लक्ष्मी गौतम र भूमिराज चापागाईले सहजीकरण गर्नुभएको थियो । उक्त तालिममा सहजकर्ताद्वयले स्थानीय स्रोत र पुँजीमा आधारित विकास, विकासमा सामुदायिक सहभागिता, पैरवी तथा वकालत, योजना प्रकृया र रणनीति निर्माण लगायतका विविध विषयका बारेमा सहभागिहरुलाई स्पष्ट पार्नुभएको थियो । कावासोती स्थित होटल फूलमुनमा सञ्चालित उक्त कार्यक्रममा आयोजक संस्था ओम् ज्योतिविन्दु ट्रष्टका अध्यक्ष विन्दु केसी, सल्लाहकार समिति संयोजक भफपिन्द्र भुसाल लगायतका व्यक्तिहरुको समेत उपस्थिति रहेको थियो ।

***

## महिला समूह व्यवस्थापनका लागि क्षमता अभिवृद्धि तालिम

विजय विकास स्रोत केन्द्रको आन्तरिक कार्यक्रम अन्तर्गत महिलाकालागि महिला सहयोग अवधारणा अनुसार २०७५ जेष्ठ २८ र २९ विजय विकास स्रोत केन्द्रमा गैंडाकोट नगरपालिका भित्रका ९ वटा महिला समूहका ३/३ जनाको सहभागितामा "महिला समूह व्यवस्थापनका लागि क्षमता अभिवृद्धि तालिम" सम्पन्न भयो । विजय विकास स्रोत केन्द्रको आयोजनामा चेतना सदनमा सम्पन्न उक्त तालिममा समूहको अवधारणा, बचत तथा ऋण परिचालन र उपयोगिता, बैठक सञ्चालन प्रक्रिया र माइन्युट लेखन इत्यादि विषयमा सहजिकरण गरिएको थियो । विजय विकास स्रोत केन्द्रका प्रशिक्षकद्वय लक्ष्मी गौतम र पार्वती कंडेलले उक्त तालिममा सहजिकरण गर्नुभएको थियो । तालिमको शुभारम्भमा केन्द्रका कार्यकारी निर्देशक प्रेमकृष्ण मानन्धरले तालिमको औचित्यका बारेमा प्रष्ट पार्नुभएको थियो । साथै विजय विकास स्रोत केन्द्रका सञ्चालक समिति सदस्य सीता रिजालको समेत उपस्थिति भएको समापन कार्यक्रममा कार्यकारी निर्देशकले सबै सहभागिलाई धन्यवाद दिनुभएको थियो । जम्मा नौ वटा समूहका २७ जनाको सहभागिता रहेको तालिमको समापन कार्यक्रममा सहभागीका तर्फबाट कमला सिग्देल र चन्द्रकला पौडेलले यस तालिमबाट समूह सञ्चालन तथा व्यवस्थापनका बारेमा धेरै कुरा सिकिएको र यसले आआफ्ना समूहलाई प्रभावकारी रुपमा सञ्चालनमा सहयोग पुग्ने र आगामी दिनमा पनि विजय विकास स्रोत केन्द्रको यस्तै खालका कार्यक्रमहरुमा सहभागिता जनाउन पाउने अपेक्षा व्यक्त गर्नुभएको थियो ।

***

## "समृद्ध जीवन" विषयक जीवनोपयोगी प्रवचन कार्यक्रम

विजय विकास स्रोत केन्द्र र विजय सामुदायिक शिक्षा सदनको संयुक्त आयोजना र जीवन विज्ञानको सहयोगमा २०७५ आसार १० गते विजय परिवारका सदस्य तथा विजय सामुदायिक शिक्षा सदनमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी "समृद्ध जीवन" विषयक प्रवचन कार्यक्रम आयोजना गरियो । जीवन विज्ञान विषयका प्रवचक एल पी भानु शर्माको सहजीकरणमा सम्पन्न उक्त कार्यक्रममा करीब ३०० जनाको (१०० जना विजय परिवारका सदस्य र २०० जना विद्यार्थी) सहभागिता रहेको थियो । विजय सामुदायिक शिक्षा सदनको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा प्रवचक शर्माले समृद्ध जीवन निर्माणका लागि मुख्य ३ वटा मस्तिष्क (देब्रे, दाहिने र मध्य) मध्ये दाहिने र मध्य मस्तिष्कको सक्रियता बढाउनु पर्ने कुरा बताउनु भयो । जसका लागि केही विधिहरुको अभ्यास पनि गरिएको थियो । कार्यक्रमको अन्त्यमा विजय सामुदायिक शिक्षा सदनका प्रमुख कार्यकारी अधिकृत खेमराज सापकोटाले यस कार्यक्रमबाट जीवन विज्ञान र विजय परिवारका बीचमा नयाँ सम्बन्धको शुरुवात भएको र आगामि दिनमा समेत जीवन विज्ञानसँगको सहकार्यमा यस्ता कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिहने प्रतिबद्धता जानाउनु भएको थियो ।

***

## विजय परिवार सदस्य चिनारी

### Vijaya Laghubitta Bittiya Sanstha (VLBS)

Vijaya Laghubitta Bittiya Sanstha (VLBS), a national level microfinance bank of Nepal, is in operations since February 2013. The company was initiated by Vijaya Development Resource Centre (VDRC), a national level non-governmental organization (NGO) and financially and technically backed up by Goodwill Finance Limited, a national level financial institution in Nepal.

VLBS envisions reaching the unreached: demonstrating excellence. It has a mission of establishing the bank as a centre of excellence to cater efficient and effective services with less procedural hassle and minimal paperwork. It has set ***"Banking with Happiness"*** as its institutional slogan. Hence the products and services are being developed as per clients' needs and requests and they are costumer friendly too.

VLBS is a public company limited registered at company registrar's office in Nepal and it has obtained operating license from Nepal Rastra Bank. Its authorized capital is NPR 200 M and paid up capital is NPR 171.1 M. It is governed by its Board of Directors. There is a six members' Board of Directors, which is led by Mr. Kapil Neupane. The committee formulates required institutional policies and gives strategic direction to the management team. It has a very competent and committed management team led by Mr. Basanta Lamsal, Chief Executive Officer (CEO). There are 210 full time staff members including the field staff working for VLBS now.

VLBS has been providing financial and other services to rural people including the poor and marginalized that contributes to the overall economic development and poverty alleviation in the country. It works largely with the poor and disadvantaged women in the rural/remote areas. It offers various types of financial and non-financial services to its member clients. The major financial services include - loan, deposits, insurance and remit services. It also provides non-financial services namely capacity building, technical training, education and awareness program on different issues. It has been providing credit plus program in collaboration with different development partners.

The services are being provided through 50 branch offices located in 33 districts and it has so far (May 2018) invested over 1.45 billion Rupees in serving nearly 32,000 households. VLBS has been applying some innovative approaches to provide both financial and non-financial services. Flexibility in group composition, onsite support on agro-based business through technical staff and financial literacy through mobile phones are some of the new approaches that VLBS has followed.

***

**व्यक्तिगत घटना दर्ता समयमै गरौं ।**

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा गई नि:शुल्क दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं ।

# बालमैत्री स्थानीय शासन कार्यान्वयनबाट प्राप्त सिकाइ उपलब्धिहरू

✍ कृष्णप्रसाद सापकोटा

"बालमैत्री स्थानीय शासन कार्यक्रम" विजय विकास स्रोत केन्द्रद्वारा युनिसेफ नेपालको सहयोग र सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालयको संयोजनमा भूकम्प प्रभावित ११ जिल्लाहरू, काभ्रेपलाञ्चोक, सिन्धुपालचोक, दोलखा, रसुवा, रामेछाप, ओखलढुंगा, सिन्धुली, धादिङ्ग, गोरखा, नुवाकोट र मकवानपुरमा सञ्चालन गरिएको थियो । कार्यक्रमको लक्ष्य बालमैत्री शासनका लागि सहज वातावरण प्रवर्द्धन गर्नु थियो जसले सरकारी तथा गैर सरकारी स्थानीय अङ्गमा वित्तीय तथा प्राविधिक सहयोग तथा समन्वय सुनिश्चित गर्न सघाउ पुऱ्याउने गर्दछ । जसका लागि स्थानीय निकायको भूमिकालाई जोड दिएर बाल क्लब र तिनका सञ्जाललाई परिचालन गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

भूकम्प प्रभावित जिल्लाहरूमा सञ्चालन भएको बालमैत्री स्थानीय शासन कार्यक्रमका मुख्य सिकाइहरू यस प्रकार रहेका छन् :

- स्थानीय योजना तथा विकास प्रकृयामा बाल भेला एउटा प्रभावकारी औजार हो जसले बालबालिकाहरूलाई उक्त प्रकृयामा सहभागी भई योगदान गर्ने वातावरण तयार गर्दछ ।
- बालमैत्री स्थानीय शासनलाई सरकारी कार्यक्रमको ढाँचामा बुझिए तापनि स्थानीय सरकारमा यसलाई मूलप्रवाहीकरण गरेको खण्डमा यो दिगो हुनसक्छ ।
- बालमैत्री स्थानीय शासन प्रकृयाले सामाजिक परिचालन मार्फत पूर्ण समाज रुपान्तरणमा उच्च योगदान पुऱ्याउने सामर्थ्य राख्दछ ।
- बालबालिकाहरूको आवश्यकता र माग भएका योजनामा सहयोग तथा कोषको व्यवस्था भएमा उनीहरू जिम्मेवारीका साथ योजना कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्न सक्छन् । यसले भविष्यमा सक्षम स्थानीय नेतृत्व विकास गर्ने वातावरण सिर्जना गर्दछ ।
- बाल क्लब प्रदीक्षित बालबालिकाहरूले भविष्यमा समाजलाई नेतृत्व प्रदान गर्ने उच्च क्षमता राख्दछन् । किनकी उनीहरूले नेतृत्वको ढाँचा तथा शैली सिकेका हुन्छन् ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी साझा बुझाई तथा स्वामित्व सम्बन्धमा सुधारका लागि पर्याप्त स्थान छ । साथै बाल अधिकार प्राप्त गर्ने एवमं संरक्षण गर्नका लागि थप पहलको आवश्यकतालाई नजरअन्दाज गर्न सकिदैन ।

यसरी कार्य सम्पादनको तहगत मूल्यांकनबाट प्राप्त उपलब्धीहरू, प्रगति प्रतिवेदन, भेटवार्ता, अन्तरवार्ता, स्रोत व्यक्ति, सुपरिवेक्षण टोली, लाभग्राही आदि मार्फत गरिएको अध्ययनबाट प्राप्त जानकारीहरूका आधारमा बालमैत्री स्थानीय शासन बाल अधिकार रक्षा एवम् स्थानीय योजना तर्जुमामा महत्वपूर्ण हुने देखिन्छ ।

***

## हार्दिक समवेदना

**यस संस्थाका उत्प्रेरक श्री शालिकराम सापकोटाकी आमा, निवर्तमान अध्यक्ष श्री खेमराज सापकोटा तथा संस्थाकी साधारण सदस्य श्री पार्वती कंडेल सापकोटाकी हजुरआमा *पार्वती सापकोटा* र श्री शालिकराम सापकोटाकी श्रीमती *सावित्री ढुङ्गाना सापकोटा* को असामयिक निधनले हामी अत्यन्तै दुःखित भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**हरिलाल सापकोटा**
अध्यक्ष
एवम् विजय विकास स्रोत केन्द्र परिवार

# महिला सशक्तीकरण : एक अनुभूति

✍ लक्ष्मी गौतम

सकारात्मक सामाजिक परिवर्तनका लागी अन्तरनिहित शक्ति बोकेका महिलाहरुको सशक्तीकरणका लागी जीवनको मध्य भाग खर्चिंदाको अनुभब आज यस पृष्ठमा ल्याउन पाँउदा म अत्यन्त खुशी छु ।

विजय विकास स्रोत केन्द्रमा रहेर १८ बर्ष यहि माटोको पाखापखेरामा काम गर्दा धेरै आमा दिदीबहिनीहरु सँगको सामीप्यतामा जीवनका तितामीठा अनुभबहरु साटासाट गर्ने मौका मलाइ जुरेको छ । महिला सशक्तीकरणका लागी केही गर्नुपर्दछ भन्ने मेरो मनोभाव विजय विकास स्रोत केन्द्रको उद्देश्यसँग मेल खाँदा मलाई यो सौभाग्य मिल्यो । मैले यो अबसरलाई आत्मसात् गर्दै लैङ्गिक समानताका लागि आफ्ना आवाज उठाउने र मिसाउने काममा लगनशील भएर अगाडि बढिरहेकै छु । वर्तमान नेपालमा एक महत्वपूर्ण स्थान ओगटेको महिला शसक्तिकरणका लागी काम गर्ने अवसर मिलेको छ । १८ बर्ष सम्म यस संस्थामा रहेर कामगर्दाको अनुभवले सिकाएको कुरा *सशक्तीकरणको मुख्य आधार शिक्षा* नै रहेछ । औपचारिक शिक्षा नभए पनि अनौपचारिक शिक्षा मात्र प्राप्त गर्न सके सशक्तीकरणमा केही सहयोग पुऱ्याउँदछ भन्ने मलाई महशुस भएको छ ।

यस समाजमा काम गर्ने व्यक्तिको खाँचो पटक्कै छैन । हिड्दै गर्दा गोरेटाहरुमा सबै समाजसेवीहरु मात्रै भेटिन्छन् । सबैको लक्ष्य एउटै भेटिन्छ सबैको आवाज एउटै सुनिन्छ कि न्यायपूर्ण समतामूलक समाजको निर्माण जहाँ नारी र पुरुषको जिउने अबस्थामा कुनै भिन्नता हुन दिने छैनौं । वास्तवमा हाम्रो समाजमा सपना देखाउनेहरुको कमी पटक्कै छैन तर बिडम्बना यहाँ सपना देख्नेहरुको कमी भएको हो जस्तो मलाई लाग्दछ ।

यहाँ महिला सशक्तीकरणका लागी आवाज उठाउनेहरुले नै बुझ्न जरुरी छ कि अब नारीलाई शक्तिको रुपमा पुज्नुको पछाडि पनि एक विशेष कारण छ । भनिन्छ *"यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता"*, अर्थात जहाँ नारीको सम्मान हुन्छ त्यहाँ देबताको बास हुन्छ । पौराणिक कालदेखि नै हिन्दु धर्ममा नारीलाई लक्ष्मी, सरस्वती र शक्तिको रुपमा पुजा गरिदै आएको छ । के अब नारी यसैमा सन्तोष मानेर बस्न तयार छन् त ? वास्तविकता केलाएर हेर्ने हो भने नेपाली समाजमा के नारी सम्मानित छन त ? आज म यो ओठे भक्तिप्रति प्रश्न उठाउन बाध्य भएँ । साँच्चि नै नारीलाई देबि र शक्तिको रुपमा हेर्ने हो भने यसलाई व्याबहारिकतामा उतार्न सक्नुपर्दछ । मलाइ लाग्दछ नारीको सही सम्मान तब हुन्छ जब नारीका कामहरुको उचित मूल्यांकन गरिन्छ र नारीले गरेका कामहरुको इतिहास लेखिन्छ ।

आज हामीले थुप्रै परिवर्तनका लागी लड्यौं होला परिवर्तनका लागी लडेका कथाहरु पनि पढ्यौं होला तर खोइ कहाँ लेखिएको छ त नारीका वीरताका कथा ? वीर नारीहरुको नाम? कि यी सबै परिवर्तनहरुमा नारीको कुनै भूमिका नै रहेन होला ?

मेरो मनमा उब्जेका यिनै प्रश्नहरुले र मेरो विजय विकास स्रोत केन्द्रमा रहेर काम गर्दाको अनुभवले के सिकायो त भने नारीहरुले आफ्नो स्थान आँफै तयार गर्नुपर्दो रहेछ यहाँ कसैले आफ्नो ठाँउ छोड्नेवाला छैन र आफ्नो इतिहास पनि आफै लेख्नुपर्दोरहेछ , कसैले लेखिदिनेवाला छैन ।

यो समाजमा योगदान गर्ने नारीहरु थुप्रै छन् जो आफ्नै मिहेनत र परिश्रममा बाँचेका छन तर प्रश्न फेरि उही तेर्सिन्छ खै त तिनीहरुको कामको सम्मान ? विहान ४ बजे देखि बेलुका १० बजे सम्म निरन्तर रुपमा आफ्नो कर्ममा लागी पर्ने महिलाको कामलाई अर्थहीन मान्ने यो समाजमा लैंगिक समानताका आवाजहरु अझ बौद्धिक तवरबाट उठाउन जरुरी छ । विद्यमान पितृसत्तात्मक सोँचद्वारा महिलाप्रति गरिने विभेदपूर्ण व्यबहार त मुख्य कारकको रुपमा छँदैछ तापनि प्रायः महिलाले साहसिक तथा वाहिरी काम गर्न सक्दैनन् भन्ने हीनभावनाका कारण नारीको आत्मसम्मानमा ठेस पुऱ्याइरहेको देखिन्छ ।


पहिला भन्दा अहिले सामाजिक सोँचमा केही परिवर्तन आएको त छ तर यत्तिले मात्र महिला सशक्तीकरण भयो भन्न मिल्दैन । अझ धेरै परिवर्तन गर्न बाँकि छ । अझै पनि हाम्रो समाजले *छोरालाई अंशको हकदार र बंशको ठेकेदारका* रुपमा हेर्ने गर्दछ । यहि *अंश र बंश*को दृष्टिकोणमा परिवर्तन हुनु जरुरी छ । साथै स्रोत र साधन माथिको पहुँच र नियन्त्रणमा परिवर्तन जरुरी छ महिला सशक्तीकरणका लागी । यसका लागि यहाँ पुरुष मात्र दोषी र जिम्मेवार देख्दिन म, हामी सबै उत्तिकै जिम्मेवार छौं । मेरो बिचारमा यसका लागि महिला र पुरुष दुबैको मानसिकतामा परिवर्तन आउन जरुरी छ । अन्यथा हामीले सामाजिक सेवामा गरेको लगानी *बालुवामा पानी* जस्तै हुनेछ ।

# VDRC-Nepal Agenda 2018

After charting almost four decades of untiring journey towards holistic community development, VDRC-Nepal is developing newer competencies. With learning from the previous four stages (self-help group, local support organization, resource organization, and holistic community development) the Centre is re-positioning itself for the new stage. The Centre has identified five thematic areas, namely Governance; Advocacy, Campaign and Lobbying; Children, Youth and Women; Livelihood Improvement; and Training, Research and Publication for engagement during the five-year (2017-21) Strategic Plan period.

Four critical areas the Centre currently focusing on are institutional coordination, resource mobilization, partnership promotion and capacity building. It is equally gearing-up on knowledge management efforts for improved performance.

**VDRC - Nepal / Agenda 2018**




With eight independent organizations under Vijaya Group (VDRC-Nepal, VYCCU, VICCOL, VSSS, VLBS, Vijaya Consulting, Vijaya Foundation-Nepal, and Vijaya-Shree), the Centre has the overall **institutional coordination** role in the Group. Deliberate efforts are being made in harnessing the Group strength in serving the broader community in an integrated manner.

The Centre aims to operate its key programs from internal resources. For institutional sustainability and reduced donor dependency, it is pursuing **resource mobilization** avenues, which currently involves member/staff contribution and revenue from training centre facilities. The long-term agenda is to operationalise Vijaya Foundation-Nepal.

The **partnership promotion** efforts will be continued with increased tie-up with the local bodies so as to develop and implement joint projects complementing to the government programs. To remain relevant in the development arena, it will engage in knowledge exchange and networking with development actors and educational institutes.

As the development landscape is continuously changing, the Centre is equipping its member/staff with knowledge and skills on emerging issues (e.g., climate change, environmental protection and disaster risk reduction) through targeted **capacity building** initiatives.

**Knowledge management** as an interface among all of the critical areas is accorded a high priority. The Centre is investing on web-based applications for capturing, storing, and using the organizational learning. A robust monitoring, evaluation, and research system is also being developed for informed program planning, implementation and evaluation.

***

## हार्दिक बधाई

२०७४ सालको विद्यालय शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट नतिजा ल्याउन सफल भएकामा सम्पूर्ण विद्यार्थी तथा विजय सामुदायिक शिक्षा सदन परिवारलाई हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

**हरिलाल सापकोटा**
अध्यक्ष एवम्
विजय विकास स्रोत केन्द्र परिवार

# Transformation of Village Model Farmer into Local Resource Person

Dip Kumari Rai 53 an active Village Model Farmer in NechaSalyan Rural Municipality lives with her husband and 2 sons and 3 daughters in Nechabetghari. She is being involved in growing different vegetables and raising nursery of different vegetable like cabbage, cauliflower, chilli and tomato. She gets help from her husband in the household work and field activities. Her daughter-in-law was 1000 days mother during Suaahara I. Her involvements in social work inspire her to become Village Model Farmer (VMF) in Suaahara I. Before Suaahara, she was unaware about the proper ways of vegetable growing and raising nursery subsequently her production was lower and only for home consumption. After training from Suaahara, she gained more knowledge, skills and confidence on farming. She has also adopted new technology of vegetable cultivation, nursery raising and bio-pesticide preparation. She has expanded her area of vegetable cultivation and transformed herself into a commercial farmer. She has constructed the plastic tunnels for tomato cultivation and plastic pond in coordination with Agriculture Service Center (ASC). She sells the produces in the nearby *BihibareHaat.* She earns around twenty thousand rupees per month from the sale of vegetables and its seedlings.



**Dip Kumari Rai Working in Garlic Field**

She changed herself and the community. It was thought that Rai community should not rear poultry birds due to some cultural barriers. Later, it has been changed and she started rearing poultry birds for the nutrition of her grandson and daughter-in-law. Now she is planning to re-construct the poultry coop for more number of birds.



**Dip Kumari Rai in Seedling Nursery**

Dip Kumari Rai is suffering from heart problem. Despite her health condition, she is actively involved in farming. She states, "I have done little, but lot more to do, health condition has restricted me to do so". She has joined Shrijanshil Krishak Mahila Samuha having 15 members including 1000 days mothers. She encourages the 1000 days mothers and other members in the group with the training she has received from Suaahara. Initially, there was a group of only male in her community. After training from Suaahara, she has formed female group named Shrijanshil Krishak Mahila Samuha registered in DADO where they have started saving and credit. Group has constructed Plastic Pond for irrigation during dry periods. All group members get seedling from her in concessional price.

Dip Kumari states, "I have encouraged and motivated the group members for group cultivation by constructing Poly House in my own field and requested ASC for more Poly House for

the group". Last year, she was selected to participate in 10 days Local Resource Person Development Training in vegetable farming. Due to her health condition, she recommended the Chairperson of her group named Sarmila Rai for LRP training. She states, "I am ageing and my health condition is not supportive, taking trainings only is not a good idea as I can't share the contents of the training to the group members, so I have sent Sarmila Rai".

She thanked Suaahara Program for continuous support and training, changing dietary behavior of community and empowering women through group approach.

*Collected By: Arjun Subedi, HFPMO, Suaahara II Program, Solukhumbu*

## तालिममा बनाएको योजना कार्यान्वयन गर्दै राधिका

डोटी जिल्ला जोरायल गाउँपालिका ६ निरौलीकी राधिका साउँद सक्रिय ग्रामीण नमूना कृषक संगै स्थानिय स्रोत व्यक्ति पनि हुन् । उनी श्रीमान् र छोरा (७ वर्ष) छोरी (२ बर्ष) सहित संयुक्त परिवारमा सँगै बस्दै आइराखेकी छन् । ८ कक्षा सम्म अध्ययन गरेकी उनको विगत सामान्य अवस्थामा बिते पनि आफ्नो सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने केहि बाटो पहिल्याउन सकिरहेकी थिइनन् ।

सुआहारा कार्यक्रम डोटी जिल्लामा लागु भइसकेपछि व्यावसायिक रुपमा तरकारी खेती गरिरहेकी उनलाई सुआहारा कार्यक्रमले ग्रामीण नमूना कृषक बनाउन छनौट गऱ्यो । सुआहारा कार्यक्रमबाट २ दिने घरायसी खाद्यान्न उत्पादन तालिम , ५ दिने ग्रामीण नमूना कृषक तालिम र ५ दिने व्यावसायिक योजना तालिम लिइसकेपछि उनको आफ्नो ज्ञान, सिप क्षमतामा अभिबृद्धि भएको छ । सुआहाराले वितरण गरेको उन्नत जातका कुखुरा प्राप्त गरी सकेपछि उनले नियमित रुपमा कुखुरा पाल्न थालिन् । नियमित रुपमा कुखुरा पालन गरिरहेकी साउँदको गएको बर्ष १६ कुखुरा मलसाप्रोले खाईदिएको उनको भनाइ छ । कुखुरा पालनप्रति उनको नियमित लगनशिलताले उनलाई सुआहारा कार्यक्रमले १० दिने कुखुरा पालन तालिम



स्थानीय स्रोत व्यक्ति राधिका साउँद आफ्नो कुखुरा फार्म अगाडी ।

अन्तर्गत स्थानीय स्रोत व्यक्तिका लागि छनौट गरी तालिम पनि प्राप्त गरी सकेकी छन् ।

उनले ५ दिने व्यावसायिक योजना सम्बन्धी तालिममा चल्ला उत्पादन गर्ने व्यावसायिक योजना बनाएकी थिइन् । उन्नत जातका चल्ला पाल्ने उनको ईच्छा वमोजिम सुआहारा कार्यक्रमसँग उनले चल्ला उपलब्ध गराइदिनका लागी अनुरोध गरिन् । सुआहारा कार्यक्रमले धनगढी स्थित नवीन दाना पोल्ट्रि फर्मसँग समन्वय गरेर उनलाई सम्पर्क गराई दिने काम गऱ्यो । आफ्नै लगानीमा २० कुखुरा रु ३००।- का दरले किनेर ल्याइन् । मलसाप्रोले कुखुरा खाइदिने गरेपछि उनले अहिले बलियो खोर बनाएकी छन् । खोरका लागि आवश्यक पर्ने जाली रु.५,०००।- र अन्य साम्रगी गरी रु. २०,०००।- मा खोर तयार गरेको बताइन् । उनको बारीमा विभिन्न थरीका तरकारी पनि देख्न पाइन्छ ।



आफ्नो फार्ममा रहेका कुखुरा चराउन लादै राधिका साउँद ।

उनको काममा घरपरिवारका सबै सदस्यले सघाउँछन् भन्ने उनको भनाई छ । गतबर्ष सिजनमा उनले खुर्सानी, टमाटर, भाजि र लसुन गरेर रु. १,४०,०००।- बराबरको विक्री गरेको बताइन् । हाल उनको बारीमा १,५०० बोट टमाटर र १५० बोट खुर्सानीका बिरुवा छन् । उत्पादित गरेको कृषिउपजहरु नजिकै कैलाली जिल्लाको सिमानामा रहेको शान्तिपुर संकलन केन्द्रमा विक्रि गर्ने गरेको उनी बताउँछिन् । त्यही आम्दानीबाट कुखरा खरिद गरेको र खोर समेत बनाएको उनी बताउँछिन् । उनको कुखुरा पालन प्रतिको लगाव देखेर जोरायल गाउँपालिका पशु सेवा शाखाले अण्डामा आत्मनिर्भर कार्यक्रम अन्तर्गत ४० वटा उन्नत जातका कुखुरा दिएको छ । अहिले उनीसँग ६० कुखुरा छन् । कुखुरालाई खुवाउने जुकाको औषधि घरमै लिएर राख्ने गरेकी छन् । औषधि ३/३ महिनामा खुवाउने गर्ने गरेको उनले बताइन् । कुखुरालाई आवश्यक पर्ने दाना केही बजारबाट ल्याउने गरेको र बाँकी घरमै पोषिलो दाना बनाउने गरेको पनि उनले बताइन् ।



कुखुराको चरणका लागि बनाइएको ठाउँ ।

जागरण घरायसी खाद्यान्न उत्पादन समूहको सदस्य रहेकी साउँदले नियमित रुपमा प्रत्येक महिनाको १८ गते समुहको बैठकमा उपस्थित भई कुखुरा फ्लिप चार्टको अभिमुखीकरण गर्ने गरेको बताउँछिन् । उक्त समुहमा ३० जना सदस्य रहेका छन । उक्त अभिमुखिकरणबाट समुहका ८ जना सदस्यले कुखुरा पाल्न थालेको उनले बताइन् । उनको समुहको मासिक बचत दर रु ५० छ भने प्रवेश शुल्क वापत रु. २५० लिने गरिएको छ । समुहको हिसाबकिताब सबै आफैले गर्ने गरेको उनी बताउँछिन् ।

***"सुआहारा कार्यक्रम आउनु भन्दा अघी कुखुरा पाल्ने नगरेको र सुआहारा कार्यक्रम आईसकेपछि पाल्न सुरु गरेको हो। अण्डा र मासुमा ईच्छा बढेको छ।"***

उनको अबको योजना स्थानीय जातका कुखुराको संख्या बढाउने र उन्नत जातका कुखुराका अण्डा स्थानीय माउलाई कोरल्न लगाई संख्या बढाउने योजना रहेको छ । आफ्नो समुह र कुखुरा फर्मलाई गाउँपालिकामा दर्ता गर्ने पनि उनको योजना रहेको छ । स्थानीय १,००० दिनका आमा र स्थानीय समुदायबाट कुखुराको माग पहिल्यै आई सकेको उनले बताइन् ।

***तयार गर्ने:****सेतलाल डाँगी, HFP मार्केटिङ्ग अफिसर, डोटी*

## नुवाकोटको विदुरमा हाटबजार स्थापना

नुवाकोट जिल्लाका विभिन्न स्थानहरुमा विभिन्न क्षेत्रहरुबाट हाट बजार स्थापनाकालागि धेरै प्रयासहरु हुँदै आएका थिए । यद्यपि ती प्रयासहरुले सफलता पाउन सकेका थिएनन् । त्यस्तै प्रयासको क्रममा उधोग वाणिज्य संघ, नुवाकोटको नेतृत्व र जिल्ला कृषि विकास कार्यालय, सुआहारा, ओक्सफाम, सप्रोस, आदि जस्ता विभिन्न सरकारी/गैर सरकारी संस्थाहरूको सामूहिक प्रयासमा बिदुर नगरपालिका, नुवाकोटमा हाट बजार संचालनमा ल्याउन सफलता प्राप्त भएको छ । २२ जनवरी २०१८ देखि संचालनमा आएको यो हाट बजार हरेक हप्ताको सोमबार लाग्ने गर्छ । साना उत्पादकहरुलाई लक्षित गरेर स्थापना गरिएको हाट बजारले कृषकहरुलाई निकै उत्साहित गरेको छ । ताजा सागसब्जिहरुको सहज उपलब्धता र उपभोगले मान्छेको खाद्य सुरक्षा र पोषण स्थितिमा बढावा दिन यस हाट बजारले टेवा पुर्‍याएको छ । बजार व्यवस्थापन समितिको उत्तम पक्ष भनेको स्थानीय होटेल र रेष्टुरेन्टहरु सँग मौखिक सम्झौता गरिएको छ ताकि बजार बन्द गर्ने समयमा किसानहरुका बाँकी तरकारीहरू उनिहरुले किनिदिने छन् ।

बजार व्यवस्थापन समितिकी उपाध्यक्ष सुश्री गीता अमात्य भन्छिन्, “बिदुर नगरपालिकामा हाटबजारको स्थापना सुआहाराको सहयोगको प्रतिफल हो । आर्थिक सहयोगका साथ साथै व्यवस्थापकीय सहयोगको भूमिका अतुल्य छ । हामी हाट बजारको दिगोपना र सुधारमा




नवनिर्मित हाट बजारमा आफ्नो  उत्पादन विक्री गर्दै एक कृषक

काम गरिरहेका छौं । यस बजारको स्थायित्वका लागि दिशानिर्देश गर्न निर्देशिकाको मस्यौदा भैसकेको छ । हामी धेरै आशावादी छौं कि सुआहाराले प्रवर्धन गरेका ग्रामिण नमूना कृषकहरु बजार व्यवस्थापन समितिमा रहनु भएकोले केही दिशानिर्देश गर्ने छ । यसबाट उत्पादकहरु र उपभोक्तहरुले प्रत्यक्ष लाभ लिन सक्नुहुनेछ।"

हाट बजारमा पोषिला तरकारीहरू जस्तैः रायोको साग, केराउ, फर्सी, काउली, टमाटर, अदुवा आदि त्यसैगरी स्थानीय स्तरमा उपलब्ध अन्य कृषि उत्पादनहरु दालचिनी तेजपात, नींबू घास, केरा, भोगेटे, लाप्सी, म्याकडामिया नट आदि र परीरक्षण गरिएका खानाहरु जस्तैः अचार, गुन्द्रुक, सूखे मूली, सुखे मशरूम आदिको विविधता उपलब्ध छ ।

यस बजारका सन्दर्भमा तेश्रो हप्तासम्म हाट बजारमा आफ्नो कृषि उत्पादन बेच्दै गरेका ग्रामिण नमूना कृषक सूर्य बहादुर थापा भन्छन्, "यो हप्ता मैले लगभग रु. १५,०००।- कमाएँ । अब म आफ्नो व्यवसाय विस्तारका लागि रणनीतिक योजना बनाउँदैछु ताकि हरेक हप्तामा मैले २५,०००।- रुपैयाँ कमाउन सकूँ ।"

## Tulasa thrives with her husband's support

Suaahara works directly with 1000 days mothers by providing them information on integrated nutrition and opportunities to take part in community led events. The information and opportunities has helped the mothers to integrate learning and practice in their daily lives. Despite similar support to all; women whose husbands support them in their daily chores thrive better and have enabled themselves to earn their own income.

Tulasi Od is one such woman from Dadeldhura. She is also a village model farmer (VMF). With support from Suaahara program, Tulasa is actively involved in back yard vegetable garden, rearing poultry and goats. Her husband helps her in each chore enabling Tulasa to earn more income and gain more confidence. Tulasa sells poultry eggs to 1000 days mothers helping other women to



improve their nutrition intake. She organizes homestead food production beneficiary group meeting where she leads discussion on the importance of integrated nutrition, impact on their health and discusses her business to inspire other women to follow her path.

"My husband supports me in every aspect and the husband supporting their wives is not common here," said Tulasa. "The business plan training helped us establish the brooding center. I don't know how to read and write so my husband takes care of the book."

They credit their success to each other. Although they belong to Dalit group (untouchables), they have become a role model of their community. Tulasa is also the local resource person in her community.

# शुभकामना

**समतामूलक, शान्तिपूर्ण, समृद्ध र अन्तरनिर्भर समाज स्थापना गर्ने ध्येय बोकेर निरन्तर सामाजिक विकासमा समर्पित हाम्रो प्रबर्द्धक संस्था विजय विकास स्रोत केन्द्र (VDRC Nepal) गैंडाकोटले ३६ वर्ष पार गरी ४० औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा यस संस्थाको समृद्धि, उन्नयन र समुज्ज्वल भविष्यको कामना गर्दै निरन्तर अगाडि बढिरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

| | |
|---|---|
| केशवप्रसाद सापकोटा<br>अध्यक्ष<br>विकू बचत तथा ऋण सहकारी संस्था लिमिटेड | गोपीनाथ खरेल<br>अध्यक्ष<br>विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. |
| टीकाराम कंडेल<br>अध्यक्ष<br>विजय सामुदायिक शिक्षा सहकारी संस्था लिमिटेड | कपिल न्यौपाने<br>अध्यक्ष<br>विजय लघुवित्त वित्तीय संस्था लिमिटेड |
| वसन्तराज लम्साल<br>अध्यक्ष<br>विजय कन्सल्टिङ्ग | त्रिलोचन सापकोटा<br>अध्यक्ष<br>विजय फाउण्डेसन नेपाल |

हरिलाल सापकोटा
अध्यक्ष
विजयश्री उपभोक्ता सहकारी संस्था लिमिटेड

## सम्पूर्ण विजय परिवार


नवलपरासी (बर्दघाट सुस्तापूर्व)

विजय विकास स्रोत केन्द्रद्वारा व्यवस्थापन गरिएको

# चेतना सदन (तालिम केन्द्र)

## Chetana Sadan (Training Center)









### तालिमका लागि सेवा/सुविधा तथा जानकारीहरु

- वातानुकूलित आरामदायी र सुविधायुक्त तालिम हल ।
- ७० जनासम्मलाई एकैपटकमा खान, बस्न र तालिमको सुविधा ।
- तालिमका लागि मल्टिमिडिया, अडियो, भिडियो तथा स्टेशनरी सामग्रीहरुको उपलब्धता ।
- फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर, फोटोकपी तथा यातायातका साधनसमेतको व्यवस्था ।
- विभिन्न विषयका सुयोग्य, दक्ष र अनुभवी स्रोतव्यक्तिहरुको उपलब्धता ।
- तालिम अवधिमा लोड सेडिङको समस्याबाट मुक्ति, जेनेरेटरको सुविधा ।
- स्वच्छ र सफा खानेपानी तथा स्वास्थ्यकर भोजनको व्यवस्था ।
- सुलभ दररेटमा यथेष्ट सुविधा, आफूले गरेको सहयोगले संस्थागत विकासमा योगदान पुग्ने ।
- टि. टि. बोर्ड तथा ब्याडमिन्टन खेल सुविधा ।
- अध्ययन अनुसन्धान केन्द्र, विविध विषयक अध्ययन सामग्रीयुक्त पुस्तकालय ।
- बचत, सञ्चार, शिक्षा सहकारीहरूको अध्ययन थलो ।

तपाईले तालिम सञ्चालनको लागि बुक गर्नुपर्ने भएमा निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**विजय विकास स्रोत केन्द्र**

**गैंडाकोट ८, नवलपरासी**

फोन नं.: ०७८-५०११७२, ५०१४०२ फ्याक्स नं.: ०७८-५०१४०१

इमेल: vdrc@vdrc.org.np Website: www.vdrc.org.np